# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भैरवीजा, दैलेख,
(सूचना प्रविधि शाखा)
कर्णाली प्रदेश,नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

***प्रथम पटक प्रकाशित मितिः २०७८।०२।०४***

यस महाबु गाउपालिका अन्तरगतका सामुदायीक बिध्यालयहरुमा अध्ययन गर्ने किशोर अबस्थाका छात्राहरु लाई निशुल्क रुपमा सेनीटरी प्याड बितरण गर्ने प्रयोजनको लागी आबश्यक पर्ने सेनीटरी प्याड सिलबन्दी दरभाउपत्रको माध्यम द्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा र ईच्छुक ईजाजत पत्र प्राप्त उत्पादक । आपुर्तिकर्ता व्यक्ति वा फर्म तथा कम्पनीहरुले महाबु गा.पा. कार्यालय, दैलेखबाट पछि फिर्ता नहुने गरी रु. १०००।– तिरी दरभाउपत्र फाराम खरिद गरी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको शिलबन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित मितिले १६ औ दिनको १२.०० बजे भित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. दरभाउपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको उत्पादक । आपुर्तिकर्ता फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरु (मान्यता प्राप्त नोटरी पब्लिकद्धारा) प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

२. सेनीटरी प्याड उत्पादन । आपुर्ति कार्यको लागि ईजाजत प्राप्त व्यबसायी व्यक्ति वा फर्महरुले मात्र दरभाउपत्र फाराम खरिद गर्न पाउने छ । सेनीटरी प्याड खरिद तथा सप्लाई कार्यको कार्यालयले सारभुतरुपमा प्रभावग्राही दरभाउपत्र मध्ये प्याकेजको रुपमा सबै भन्दा घटी कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गर्न सक्नेछ ।

३. खरिद गरिने सेनीटरी प्याडहरुको गुणस्तर सेनीटरी प्याड बितरण तथा ब्यबस्थापन कार्यबिधि २०७६को अनुसुची १ अनुसारको हुनु पर्नेछ । सो प्याडको बिस्तृत स्पेशिफीकेशन गा.पा. को आधिकारीक वेवसाइट मा हेर्न सकिने छ । प्याकिङ्गमा समेत उत्पादन मिति, एक्सपायर मिति, ब्याच नम्बर *र __महाबु गाउपालीका दैलेख बाट निशुल्करुपमा बितरण गरिएको भन्ने सब्द__* अनिवार्य रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिनाको हुनु पर्नेछ । खरिद सामाग्रीहरुको प्याकिङ्गमा म्याद कम भएको सामाग्रीहरु प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन ।

४. खरिद गरिने सेनीटरी प्याडको उत्पादन बिदेशी भएमा सम्बन्धीत बिभागको पैठारी सिफारिश पत्रको नबिकरण गरिएको प्रमाणीत प्रतिलि पेश गर्नु पर्नेछ ।स्वदेशी उत्पादनको हकमा खरिदककर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागी जारी गरिएको सक्कल अधिकार पत्र (Authorization Letter) र बिदेशी उत्पादन भएमा नेपाल भित्र बितरणको लागी तोकीएको आधिकारीक एजेन्टबाट लिएको सक्क्ल अधिकार पत्र पेश गर्नु पर्ने छ ।

५. खरिद भएका दरभाउपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे अर्थात मिति २०७८।०२।१९ गते दिनको २.०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६. दरभाउपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको नेपाल केडिट एण्ड कमर्स बैंक महाबु शाखा दैलेखमा रहेको धरौटी खाता नं.१५२०००००००४०१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ। नगद लाई मान्यता दिईने छैन।

८. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन र खरिद हुने प्याड सम्बन्धति खरिदकर्ता गा.पा. कार्यालय गैडाबाज सम्म आपुर्तिकर्ता( दरभाउपत्रदाता) स्वयम ले ढुवानी गरि ल्याउनु पर्नेछ।

९. लागत अनुमान रकम मु.अ.कर तथा कन्टीजेन्सी सहित रु.१३१८०००। तेह्र लाख लाख आठर हजार रहेको छ।

१०. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ।

११. शिलबन्दी दरभाउपत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सँग दररेट लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ।

१२. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ।

१३. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कुनै पनि कारबाही गरिने छैन।

१४ प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१५. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ

१६. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालय मा सर्म्पक गर्न सकिनेछ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर तथा कन्टीनेन्सी सहित) (रु.) | विडबण्ड रकम (रु.) | दरभाउपत्र खरिद दस्तुर रु. | ठेकेदारको बर्ग |
|---|---|---|---|---|---|---|
| १. | १४/०७७/०७८ | सेनीटरी प्याडहरु खरिद तथा आपुर्ति कार्य। | १३१८०००। तेह्र लाख आठर हजार | ४००००। चालिस हजार | १०००।–एक हजार | इजाजत प्राप्त उत्पादक। आपुर्तिकर्ता |

(भक्त बहादुर मल्ल)
प्रमुख प्रशासकीय अधिकृत